पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २८ गते आइतबार ❑ 12 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## भ्रष्टचारलाई नियन्त्रण नगरी देशको विकास हुदैनः पूर्व गृह तथा उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

पूर्व उपप्रधान तथा गृहमन्त्री एवं नेकपा माओबादी (केन्द्र) का बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले देशमा भ्रष्टचारलाई नियन्त्रण नगरी आर्थिक विकास र समृद्धि हासिल गर्न नसकिने बताउनु भएको छ।

प्रेस सेन्टर नेपाल जिल्ला समिति कास्कीको शनिबार पोखरामा सम्पन्न भएको छैठौं अधिवेशनको उद्घाटन गर्दै देशको आर्थिक बिकास र समृद्धिको मुख्य बादक भ्रष्टचार भएकोले त्यसलाई नियन्त्रण नगरी विकास नहुने दाबी गर्नु भएको हो।

देशमा भ्रष्टचार बिरुद्धको अभियान नचलाई नहुने बरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाई थियो। उहाँले भन्नुभयो"नेपालको सामाजिक आर्थिक रुपान्तरण वा विकास र समृद्धिको निम्ति सबै भन्दा बादक के हो भन्दा हामीले भन्यौं भ्रष्टचार अब यसलाई नियन्त्रण नगरी हामीले चाहेको जस्तो आर्थिक विकास र समृद्धि हासिल गर्न सक्दैनौं, त्यसैले भ्रष्टचार बिरुद्धको अभियानमा अब सबै जुट्नु पर्छ, यसमा पत्रकार जगतले महत्पूर्ण भूमिका खेल्नु पर्



यो।" राजनीतिको भ्रष्टिकरणमा मुख्य समस्या रहेको उहाँको दाबी छ। राजनीतिकको सफाई र सुद्धिकरण देशको आर्थिक विकास र समृद्धिको अर्को आधार भएको बरिष्ठ उपाध्यक्ष श्रेष्ठले जनाउनु भयो। उहाँले भन्नुभयो "शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यन्न, आवास, बाटो, सूचना, संचार, खानेपानी, बिद्युत, यातायात लगायतका आवश्यकता पूरा नगरी जनताले आफ्नो जीवनमा अनुभुती गर्न सक्दैन।" राज्यलाई लुट्ने ठग्नेहरुलाई कार्वाही नगरी नहुने उहाँको तर्क थियो। कानून मिच्नेहरुलाई छाड्न नहुने बताउदै बरिष्ठ उपाध्यक्ष श्रेष्ठले शुसासन अनिवार्य सर्त भएको उल्लेख गर्नुभयो। स्वार्थ र गलत मिसनलाई फाइदा पुग्ने गरी पत्रकारहरु लाग्न नहुने बताउदै उहाँले सत्य र तथ्यका आधारमा व्यवसायीक पत्रकारिता गर्न सुझाव दिनुभयो। जनपक्षिय र आम नागरिकको पक्षमा खरो रुपमा कलम चलाउन बरिष्ठ उपाध्यक्ष श्रेष्ठले आग्रंह गर्नुयभो।

कार्यक्रममा प्रेस सेन्टरका केन्द्रिय उपाध्यक्ष निर्मल ज्ञवालीले पत्रकार जनताको आवाव वोल्ने गरी पत्रकारले आफ्नो भूमिका निर्वाह गर्न आग्रह गर्नु भयो। नेपाल पत्रकार महासंघका केन्द्रिय कोषाध्यक्ष रामकृष्ण अधिकारीले अहिलेको अबस्थामा मिडिया र श्रमजिवीहरु कसरी बचाउन सकिन्छ त्यस तर्फ महासंघ गम्भिर हुने बताउनु भयो। प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा प्रेस सेन्टरका सल्लाहकार कोमलनाथ बराल, माओबादी केन्द्र गण्डकीका अध्यक्ष गायत्री गुरुङ, कास्की इन्चार्ज रामजी प्रसाद बराल जीवन, कास्की संयोजक विश्वप्रकाश लामिछाने, प्रेस सेन्टरका केन्द्रिय सचिव माधव पनेरु, गण्डकीका अध्यक्ष अर्जुन काफ्ले, गण्डकी इन्चार्ज दीपक श्रेष्ठ, पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी, कास्कीका कार्यवहाक अध्यक्ष माधव रेग्मी, प्रेस सेन्टर कास्कीका उपाध्यक्ष दीननाथ बराल, सचिव पुष्पराज दाहाल, कोषाध्यक्ष श्रीभद्र पौडेल लगायतले पत्रकारिताको बारेमा चर्चा गर्नु भएको थियो। यसैबिच, यस बर्षको थमन महेश स्मृति पत्रकारिता पुस्कारबाट पोखराका कृयाशील पत्रकार दीपक परियार पुरस्कृत हुनु भएको छ। कान्तिपुर राष्ट्रिय दैनिकमा आबद्ध परियार जनपक्षिय पत्रकारितामा करिब डेढ दशक भन्दा बढी समय देखि क्रियाशील हुनुहुन्छ, उहाँलाई शनिबार नगद २५ हजार रुपैया सहित पुरस्कृत गरिएको हो।

## शिक्षाविद् डा. कायस्थको शालिक निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

शिक्षाविद् डा. राधेश्याम कायस्थको शालिक निर्माण गरिएको छ। तत्कालिन पृथ्वीनारायण क्याम्पसका सहायक क्याम्पस प्रमुख तथा न्यू ग्यालेक्सी माविका संस्थापक प्रिन्सिपल समेत रहेका कायस्थको विद्यालय परिसरमा शालिकको निर्माण गरिएको हो।

शालिक शनिबार एक कार्यक्रमका बीच शिक्षाविद् जर्ज जोनले अनावरण गरे। स्व. कायस्थको स्मरणमा विद्यालय परिसरमा शालिक निर्माण गरिएको हो। वि.स. १९९९ कात्तिक ३ गते पचभैयामा जन्मिएका कायस्थाको २०७७ पुस २७ गते स्वर्गारोहण भएको थियो। करिव १० लाखको लागतमा शालिक निर्माण गरिएको विद्यालयका संस्थापक निर्देशक राजु कायस्थले जानकारी दिए।

लामो समय शिक्षा क्षेत्रमा अतुलनिय योगदान पुऱ्याएका कायस्थलाई शालिक अनवरणमा सवैले स्मरण गरे। कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिक्षाविद् जर्ज जोनले स्व.कायस्थलाई शिक्षाको नक्षत्रको रुपमा स्मरण गरे। 'उहाँसँग मैले करिव ६४ वर्षसम्म काम गर्ने अवर मिल्यो, उहाँको शिक्षा प्रतिको लगावले मलाई निकै नै प्रभावित पार्थ्यो' शिक्षाविद् जोनले भने, 'उहाँलाई समकक्षीले मात्रै होइन विद्यार्थीले पनि औधी रुचाउथे।'



स्व.कायस्थले देखाएको बाटोलाई हामीले अविलम्वन गर्न सकेमा मात्र उहाँप्रति सच्च श्रद्धाञ्जली हुने उनको भनाई थियो। समकक्षी प्रो.डा.उत्तम कृष्ण कर्मचार्यले उहाँको योगदानलाई नेपालमा मात्रै होइन अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरिनु पर्ने बताए। 'हामीसँगै त्रिचन्द्र कलेजमा पढ्ने अवसर जुरेको थियो। उहाँको संगत मलाई अहिले पनि प्रेरणा वनेको छ' कर्मचार्यले भने, 'उहाँको योगदानका विषयमा हामी सवैले आ-आफ्नो तर्फबाट चर्चा गरि नयाँ पुस्तालाई सिकाइको विषय बनाउनु पर्दछ।' हिसानका केन्द्रीय उपाध्यक्ष तथा स्व. कायस्थका विद्यार्थी वावुराम पन्तले नेपाल सरकारले नसकेका काम प्राइभेट सेक्टरले परिपुरका रुपमा रहेर आम नागरिकलाई सेवा दिनुपर्छ भन्ने उहाँको भनाई अहिले आएर पुष्टि भएको उल्लेख गरे। एनप्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले स्व. कायस्थ शैक्षिक क्षेत्रको धरोहरको रुपमा रहेको उल्लेख गर्नुभयो। कायस्थ सर पुस्तकका लेखक रवीन्द्र माकाजूले उहाँका तर्कसंगत र विज्ञानसम्मत प्रवचनले आधुनिक वैज्ञानिक पण्डित भन्ने गरेको बताए। कार्यक्रममा पोखरा महानगर पालिका वडा नं. ३ का वडा अध्यक्ष प्रकाशमान उदास, डा.वसन्त कुमार ताम्राकार, पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक मिनराज लम्साल, शिवशक्ति क्याम्पस सञ्चालक समितिका अध्यक्ष टुवराज बास्तोलाले बोलेका थिए। कार्यक्रममा स्व.डा.राधेश्याम कायस्थकी नातिनी आरोही कायस्थले कविता वाचन गरेकी थिइन्। न्यू ग्यालेक्सी माविकी संस्थापक लक्ष्मीमाया कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा प्रिन्सिपल डा. रामजी शर्माल स्वागत तथा विद्यालयका सहायक प्रिन्सिपल राजेश भण्डारी र विद्यार्थी संयोजक धनप्रसाद श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए।

## निजी क्षेत्र अर्थतन्त्रको ऊर्जा र रोजगारीको स्रोतः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले निजी क्षेत्र अर्थतन्त्रको उर्जा र रोजगारीको श्रोत रहेको बताउनुभएको छ।

अधिकृत विक्रेता संघ, पोखराको १८ औं वार्षिक साधारणसभामा प्रमुख अतिथि भट्टले निजी क्षेत्र फस्टाउन सकेन भने अर्थतन्त्र नै समस्यामा पर्ने उल्लेख गर्नुभयो। 'आफ्नो दक्षताको क्षेत्रमा नाफा कमाउने उद्देश्यले वस्तु तथा सेवा उत्पादन र वितरण गर्ने सरकार बाहिरको क्षेत्र निजी क्षेत्र हो। निजी क्षेत्र आर्थिक अवसर र रोजगारीको स्रोत हो। निजी क्षेत्र अर्थतन्त्रको ऊर्जा पनि हो।' प्रदेश प्रमुख भट्टले भन्नुभयो।

आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेकोमा जोड दिँदै उहाँले सरकार र निजी




क्षेत्रबीचको सौहार्दपूर्ण सम्बन्धको जगमामात्रै समृद्धि र विकास सम्भव रहेको बताउनुभयो। लगानीमैत्री वातावरण निर्माण गर्न सरकारले विशेष भूमिका निर्वाह गर्नुपर्ने भन्दै उहाँले सहज वातावरण सिर्जना गरी निजी क्षेत्रलाई विकासको वास्तविक साझेदार बनाउनुपर्नेमा जोड दिनुभयो। सन् १९९० यता नेपालको निजी क्षेत्रको वृद्धि गुणात्मक रहेको र पछिल्लो तथ्यांक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन (जीडीपी)मा निजी क्षेत्रको योगदान करिब ८१ प्रतिशत तथा कुल रोजगारी सिर्जनामा ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले प्रदान गरेको उल्लेख गर्दै उहाँले यसकारण नेपालको अर्थतन्त्र विस्तारका लागि निजी क्षेत्रको भूमिका निकै महत्वपूर्ण रहेको बताउनुभयो। 'नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने यात्रा सहज तुल्याउन सबै पक्षको सहकार्य आवश्यक छ। यद्यपी, निजी क्षेत्रलाई संस्थागत सामाजिक जिम्मेवारी निर्वाह गराउन पनि सरकारले नियमन गर्नुपर्ने हुन्छ।' उहाँले भन्नुभयो।

एकै प्रकृतिका व्यवसायीहरू एकीकृत भई उद्योगबाट उत्पादित एवं आयातित सामाग्रीहरू सर्वसुलभ रुपमा उपभोक्ताहरू समक्ष उपलब्ध गराउने उद्देश्यका साथ २०६४ सालमा स्थापना भएको अधिकृत विक्रेता संघ पोखराले लक्ष्य अनुरुप काम तथा गतिविधि गर्दै आएकोमा आफू विश्वस्त रहेको भट्टको भनाई छ।

आफ्ना व्यवसायिक हकहितलाई सर्वोपरी राख्दै सामाजिक उत्तरदायित्व वहन गर्दै अघि बढ्नु संस्थाको पवित्र उद्देश्य हुनुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

## विश्वका ५२ गन्तव्यमध्ये लुम्बिनी नवौँ स्थानमा


**रासस**
काठमाडौं, २७ पुस

विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई न्यूयोर्क टाइम्सले सन् २०२५ का ५२ गन्तव्यमध्ये नवौँ स्थानमा राखेको छ।

हालै सार्वजनिक यस कार्यले लुम्बिनीलाई विश्वभर प्रचारप्रसार गरी बाह्य एवं आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ।

कोषका सदस्य सचिव

बाँकी अन्तिम पृष्ठमा ▶▶




## पत्रकारिताको विकासले पारदर्शितालाई सुनिश्चित गर्न सक्छ : स्वास्थ्यमन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ पुस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले पत्रकारिताको विकासले पारदर्शिता सुनिश्चित गर्नसक्ने बताउनुभएको छ।

नेपाल पत्रकार तनहुँ शाखाका नवनिर्वाचित पदाधिकारी, सदस्यसँगको भेटमा मन्त्री पौडेलले पत्रकारिताको विकासले नै पारदर्शितालाई सुनिश्चित र भ्रष्टाचारलाई न्यूनीकरण गरी



सुशासन सुनिश्चित गर्नसक्ने धारणा राख्नुभएको हो।

"पत्रकारिताको विकासले मात्रै देशमा पारदर्शिता सुनिश्चित गर्न सक्छ, देशमा हुने गरेका भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न सक्छ", मन्त्री पौडेलले भन्नुभयो, "पत्रकारको अधिकार र सुनिश्चितताता रक्षाका निम्ति राज्यको पहल जरुरी छ।"

क्रियाशील तथा श्रमजीवी पत्रकारको प्रभावले नै मुलुकमा लोकतन्त्र ल्याउनमा पनि पत्रकारिताको भूमिका रहेको उहाँको भनाइ थियो। मन्त्री पौडेलले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शय्याको अस्पताल बनाउन पूर्वाधार र उपकरण सहयोग गर्ने सम्झौता भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "भारत सरकारले उपचार केन्द्रलाई उपकरणसहित सहयोग गर्ने भएको छ, भारतीय स्वास्थ्य मन्त्रालयमा योजना पुगेको र अबको केही दिनमा द्विपक्षीय सम्झौता हुनेछ।" उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

# जिटिन गण्डकीमा पुन: किसमकुमारीको अध्यक्षतमा नयाँ कार्यसमिति

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

गुरुङ पर्यटन व्यवसायी संघ नेपाल(जिटिन) गण्डकी प्रदेशको चौथो अधिवेशनले पुनः किसमकुमारी गुरुङको अध्यक्षतमा नयाँ कार्य समिति निर्विरोध निर्वाचित गरेको छ।

समितिको प्रथम उपाध्यक्षमा सूर्यबहादुर गुरुङ, द्वितीय उपाध्यक्षमा विकास गुरुङ, महासचिवमा तुलबहादुर गुरुङ, सचिवमा विष्णु गुरुङ(एकता), कोषाध्यक्षमा मोहनराज गुरुङ र सह कोषाध्यक्षमा गंगा घले रहनुभएको छ।

त्यस्तै सदस्यहरूमा राजेन्द्र गुरुङ, कन्याप्रसाद गुरुङ, राजु गुरुङ, जगनराज गुरुङ, रुद्रकाजी गुरुङ, जीतमान गुरुङ, दिनेश गुरुङ, पदमबहादुर गुरुङ, रत्न गुरुङ र मधुमाया गुरुङ रहनुभएको छ । अधिवेशनका लागि जिटिनका संस्थापक केन्द्रीय अध्यक्ष कुलबहादुर गुरुङको संयोजकत्वमा जिटिन गण्डकीका संस्थापक अध्यक्ष बोबरजंग गुरुङ, संस्थापक उपाध्यक्ष हर्कबहादुर गुरुङ रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । नव निर्वाचित पदाधिकारीलाई संघद्वारा गुरुङ सम्पदा पदमार्गबारे विस्तृत जानकारी एवम् सप्री ल्होसारका अवसरमा आयोजित विशेष समारोहका बीच नेपाल सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुव्वा गुरुङले खादा तथा अविर लगाएर सम्मान गर्नुभएको थियो। कार्यक्रममा मन्त्री गुरुङले प्राकृतिक एवम् सांस्कृतिक



सम्पदालाई पर्यटनसँग जोड्दै त्यसबाट आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभयो।

गुरुङ पर्यटन व्यवसायी संघले अघि सारेको गुरुङ सम्पदा मार्ग पर्यटकीय विकासका लागि महत्त्वपूर्ण रहेको बताउँदै उहाँले यसको प्रवर्द्धन र विकासका लागि सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । पदयात्रा क्षेत्रलाई व्यवस्थित गर्दै पर्वतीय पर्यटनको विकास गर्नुपर्ने उहाँले आवस्यकता औंल्याउनुभयो । सरकारले जनताले अनुभुती गर्ने गरी काम गर्ने लक्ष्यका साथ अघि बढेको बताउँदै उहाँले काम गर्ने क्रममा आउने गरेका समस्यालाई निराकरण गर्नका लागि बिभिन्न ११ वटा कानुन बनाउने तयारी गरिएको जानकारी दिनुभयो।

संघीय सांसद मनबहादुर गुरुङले गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनको महत्त्वपूर्ण विकल्प बन्नसक्ने बताउनुभयो । गुरुङ समूदायका व्यक्तिहरूले शैक्षिक रुपका साथै अन्य विभिन्न तवरले आँफूलाईसक्षम बनाउनुपर्ने उहाँले बताउनुभयो । हाम्रो इतिहास रसंस्कृति जोडिएको ठाउँलाई पर्यटकीयरुपमा उपयोगथ गर्दै त्यसबाट समृद्धि हासिल गर्न सकिने उहाँको भनाइ छ । गुरुङ पर्यटन व्यवसायी संघ गण्डकीका संस्थापक अध्यक्ष बोबरजंग गुरुङले संघले यस सम्पदा पदमार्गलाई पर्यटनमा परिणाम दिनेगरी प्रबर्द्धनको प्रयासमा जुटेको बताउनुभयो । संघले अन्वेषण एवम् अनुसन्धान पश्चात यसको प्रवर्द्धनलाई जोड दिएको उहाँले बताउनुभयो।

संघका अध्यक्ष किसमकुमारी गुरुङले यस सम्पदा पदमार्गलाई बिभिन्न तीन चरणमा प्रबर्द्धन गर्ने गरी लागेको बताउनुभयो। यसको प्रवर्द्धन र विकासमा तीनवटै तहका साथै सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका हुने उहाँले बताउनुभयो। पर्यटनसँग सम्बन्धित विभिन्न गतिविधिहरूको प्रवर्द्धनमा निरन्तरता दिदै संस्थामा आवद्ध व्यवसायीहरूको हितको साथै जिटिनलाई थप उचाइमा पुर्‍याउन सदैव लागी पर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो। यो पदमार्गलाई प्रवर्द्धन र संरक्षण गर्नुका साथै परम्परागत संस्कृतिलाई संरक्षण गर्ने उहाँले बताउनुभयो।

गण्डकी प्रदेशका पर्यटन सचिव कुमान सिंह गुरुङले गुरुङ सम्पदा पदमार्गको पदयात्रा पर्यटनमा धेरैसम्भावना देखिएको बताउँदै यसको उजागर सँगै प्रवर्द्धन र विकासका लागि मन्त्रालयका तर्फबाट निरन्तर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमका अवसरमा सम्पदा पदमार्गको प्रवर्द्धनमा पत्रकारिताका माध्यमबाट विशिष्ट योगदान पुर्याउनुभएको भन्दै रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेललाई सम्मान गरिएको थियो। उहाँलाई २५ हजार २५ रुपैयाँ नगद र सम्मापत्र प्रदान गरी मन्त्री गुरुङले सम्मान गर्नुभयो । उक्त अवसरमा पदमार्गको अन्वेषणमा महत्वपूर्ण सहयोग गरेको भन्दै जिटिन नेपालका कार्यसमिति सदस्य एवम् अन्वेषण विज्ञ सञ्जीब गुरुङलाई पनि सम्मान गरिएको थियो। संघका अध्यक्ष किसमकुमारी गुरुङको सभापत्वि एवम् महासचिव तुलबहादुर गुरुङले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत द्वितीय उपाध्यक्ष विकास गुरुङले गर्नुभएको थियो।

कार्यक्रममा जिटिन केन्द्रका संस्थापक अध्यक्ष कुलबहादुर गुरुङ, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी, मादी गाउँपालिका वडा नं १ का वडा अध्यक्ष देवीजंग गुरुङ , नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष शोभा गुरुङ लगायतले गुरुङ सम्पदा पदमार्गको सम्भावना बारे प्रकाश पार्नुभयो।

# एनप्याक्सन कास्कीको २६ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

नेशनल प्याब्सन कास्कीले २६ औं स्थापन दिवस विविध कार्यक्रको आयोजना गरि मनाएको छ।




स्थापना दिवसको अवसर पारेर एनप्याब्सन कास्कीमा आवद्ध मध्ये ३३ विद्यालयका १ सय ४५ जना शिक्षक, कर्मचारीलाई सम्मान गरेको छ । एनप्याब्सन कास्कीका आवद्ध विद्यालयमा १५ वर्ष सम्म निरन्तर काम गरेका शिक्षक, कर्मचारीलाई दीर्घ सेवा पदक बाट सम्मान गरिएको हो।

कार्यक्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीको रुपमा खेलकुद क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै भूतपूर्व खेलाडी मञ्च कास्कीका संस्थापक अध्यक्ष तथा पूर्व खेलाडी खड्गबहादुर रानाभाटलाई सम्मान गरिएको थियो । रानाभाटलाई नेशनल प्याब्सन कास्की खेलकुद सेवा सम्मान २०८१ बाट नगद २५ हजार सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको थियो।

कार्यक्रममा एन प्याब्सन कास्कीका पूर्व परीक्षा संयोजक सञ्जय पौडेललाई सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको थियो। स्थापना दिवसकै अवसर पारेर २०६१/०६२ सालमा स्थापना भएका एन प्याब्सनमा आवद्ध विद्यालयलाई विद्यालय सम्मानबाट सम्मान गरिएको थियो। यसरी सम्मानित हुने विद्यालयहरुमा गण्डकी एकेडेमी कास्की, ओयसिस सेकेण्डरी स्कुल, बड्स एकेडेमी, बागमारा एकेडेमी र न्यू लेखनाथ पब्लिक एकेडेमी रहेका छन्।

यसैगरी २०८० सालको एस.ई.ई. मा सत प्रतिशत विद्यार्थी उर्त्तीण गराउन सफल विद्यालयहरुलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुने विद्यालयहरुमा अल्फा एकेडेमी, बाल प्रतिभा वोर्डिङ स्कुल, हिलसाइड इङ्लिस सेकेण्डरी स्कुल, होली माउण्ट इङ्लिस स्कुल, कान्तिपुर एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी, लेखनाथ मोमोरियल इङ्लिस वोर्डिङ स्कुल, मर्निङ्ग ग्लोरी एकेडेमिक स्कुल, पुष्पसदन एकेडेमी कास्की, पायोनियर इङ्लिस एकेडेमी रहेका छन् । यसैगरी २०८० सालको एस.एल.सी परीक्षामा एन प्याब्सनमा आवद्ध विद्यालयबाट उत्कृष्ट अंक ल्याइ उर्त्तीण हुने छात्र तर्फ न्यू ग्यालेक्सी माविका अभिनित प्रधान र छात्रा तर्फ कास्की मोडर्नाइज्ड एकेडेमीकी आकृती पन्तलाई सम्मान गरिएको थियो।

त्यस्तै २०८० सालको एस.ई.ई. परीक्षमा एन प्याब्सनमा आवद्ध विद्यालयबाट उत्कृष्ट अंक ल्याइ उर्त्तीण हुने छात्र तर्फ कास्की मोडर्नाइज्ड एकेडेमीका गौरव सापकोटा तथा छात्रा तर्फ कास्की मोडर्नाइज्ड एकेडेमीकी अलिसा श्रेष्ठ र बड्स एकेडेमीकी विमला पौडेलाई सम्मान गरिएको थियो। उनीहरुलाई नगद १० हजार सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको हो । स्थापना दिवसकै अवसरमा प्रकाश गरिएको स्मारिकाको विमोचन गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले संस्थागत विद्यालयका समस्या समाधान गर्नका लागि महानगर सधै सहकार्य गर्न तयार रहेको बताए। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेशका निर्देशक गोविन्दराज पोखरेल, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्य, नेशनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष याम खड्का, सम्मानित व्यत्तित्व भूतपूव खेलाडी मञ्च कास्कीका अध्यक्ष खड्गबहादुर रानाभाट, नेशनल प्याब्सन गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर मोची, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसी, नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ गण्डकीका अध्यक्ष कृष्णप्रसाद पोखेल, सम्मानितको तर्फबाट लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलका कक्षा ११, १२ का संयोजक विष्णुहरि पौडेलले बोलेका थिए । नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए । नेशनल प्याब्सन कास्कीमा ४९ विद्यालय आवद्ध रहेका छन्।

## विश्वका ...

सानुराजा शाक्य न्यूयोर्क टाइम्सले लुम्बिनीलाई नवौं गन्तव्य सूचीमा राख्नु देशकै लागि ठूलो उपलब्धि भएको बताउनुहुन्छ।

नेपालले पैसा खर्च गरेर पनि गर्न नसक्ने काम यो सूचीमा समावेश भएपछि हुने भन्दै उहाँले यो गौरवलाई जोगाइ राख्नुपर्ने बताउनुभयो।

कोषका अनुसार सन् २०२४ मा ११ लाखभन्दा बढीले लुम्बिनी भ्रमण गरेका थिए। यो सूचीमा समावेश भएपछि बौद्ध धर्मावलम्बी भएका देशबाट मात्र नभइ अन्यत्रबाट पनि पर्यटक लुम्बिनी आउने कोषले विश्वास गरेको छ।

लुम्बिनीको ऐतिहासिक महत्व र शान्त वातावरणले विश्वभरका पर्यटकलाई यहाँ आकर्षित गराउँछ । धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण लुम्बिनी नेपाल आउने धेरै पर्यटकको रोजाइमा पर्ने गरेकामा यसकार्यले पर्यटक आकर्षणमा सघाउ पुग्ने पर्यटन व्यवसायीले पनि विश्वास गरेका छन्।

## पत्रकारिताको ...

दमौली अस्पतालको विकासका लागि जग्गा विवाद समाधानका निम्ति अबको मन्त्रिपरिषद् बैठकमा छलफल अगाडि बढाउने प्रक्रिया भएको बताउनुभयो । "मन्त्रिपरिषद्बाट समस्या समाधान गरी आगामी आर्थिक वर्षमा दमौली अस्पताललाई सुविधा सम्पन्न अस्पताल बनाउन बजेटको व्यवस्थापनमा पहल गर्नेछु", उहाँले भन्नुभयो । सरकार सुधारिएको स्वास्थ्य क्षेत्र बनाउने उद्देश्यले सबै अस्पताल तथा स्वास्थ्य क्षेत्रको सेवा सहज र सरल बनाउन प्रतिबद्ध रहेको उहाँको भनाइ छ। साथै उहाँले रु पाँच लाख पुर्‍याउने गरी एकीकृत बिमाको व्यवस्थापकीय प्रक्रिया अगाडि बढिसकेको जानकारी दिनुभयो।

# प्रेस सेन्टर कास्कीको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

प्रेस सेन्टर नेपाल जिल्ला समिति कास्कीको शनिबार पोखरामा सम्पन्न भएको छैठौं अधिवेशनले दीननाथ बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।



बरालको नेतृत्वमा आगामी ३ बर्षको लागि नयाँ कार्यसमिति सर्वसम्वत रुपमा चयन भएको हो।

त्यसै गरी उपाध्यक्ष (खुल्ला) मा पुष्पराज दाहाल, उपाध्यक्ष (महिला) शोभा बराल सचिवमा लिलाचन्द्र अधिकारी (सरोज), सहसचिवमा अर्जुन हिताङ र प्रतिभा अधिकारी, कोषाध्यक्षमा खगेन्द्र प्रसाद अर्याल रहनु भएको छ भने अन्य सदस्यहरुमा कोपिला सुनार, अल्चना श्रेष्ठ, बलराम तिमिल्सिना, श्रीकान्त अधिकारी, सागर गिरी, राजेन्द्र नेपाली, रमेश पोखेल, कविता घर्तीमगर र प्रकाश बराल चयन हुनु भएको हो । उक्त कार्यसमितिमा २ जना सदस्य पुनः थप गर्न सकिने निवर्तमान अध्यक्ष कृष्ण दवाडीले बताउनु भयो । त्यसै गरी केन्द्रिय परिषद सदस्यमा कृष्ण दवाडी, सिद्धान्त शाही (रणबहादुर),पदम रेग्मी, नारायण शाही ठकुरी, सन्तोष नेपाली र श्यामसुन्दर पराजुली(राज) चयन हुनु भएको छ।

त्यस्तै प्रदेश परिषद सदस्यमा श्रीभद्र पौडेल, शुरेसराज अधिकारी, हेमराज अधिकारी, फडिन्द्र अधिकारी, राम्जी प्रसाद आचार्य, मिनाकुमारी थापा, सन्देस श्रेष्ठ, रबिनाथ दाहाल, लक्ष्मी सुनार, राजकुमार घिमिरे, चिरन्जिवी पौडेल (उत्तम), सविना राना, लिलानाथ आचार्य, कृष्ण र थापा पोखरेल (शान्ति) चयन हुनु भएको निर्वाचन कमिटि संयोजक विश्वप्रकाश लामिछानेले बताउनु भयो।

# नगरप्रमुख नेपाली र सहकारीपीडितबीच मेलमिलाप

**रासस**
बागलुङ, २७ पुस

इमेज बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष तथा ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपाली र सहकारीपीडितहरुबीच मेलमिलाप भएको छ।

पीडितमध्ये पाँच सय ४७ जनाले बिगो दाबी नगर्ने गरी मेलमिलाप गरेका हुन् । उनीहरुले नेपालीको घरायसी जायजेथाबाट पाउनुपर्ने रकम पाएको भन्दै मेलमिलाप गरेका हुन्। उनीहरुको मेलमिलापका लागि जिल्ला अदालत बागलुङले आदेश दिएको थियो। ठगी मुद्दामा नेपालीलाई विपक्षी बनाएका जाहेरवालामध्ये पाँच सय ४७ जना बचतकर्ताले यो मेलमिलापपछि मुद्दा फिर्ता लिनेछन्। उनीहरुको ठगिएको रकम रु २३ करोड ७५ लाख ४२ हजार तीन सय ४० बराबरको रकम घरसारमा मिलेर पाएको भन्दै मेलमिलाप गरेपछि मुद्दामा दाबी गरिएको बिगो रकम घटेको छ । न्यायाधीश रमेशकान्त अधिकारीको इजलासले आंशिक मेलमिलाप भएको आदेश दिएको हो। पीडित ताराबहादुर कुँवर, मञ्जु शर्मा चालिसे र यमबहादुर कुँवरसमेतले मुलुकी फौजदारी संहिता २०७४ को दफा ११७ बमोजिम मिलापत्र गर्न निवेदन आएकाले दफा ११८ (३) बमोजिम मिलापत्र गरिएको आदेशमा उल्लेख छ । जिल्ला न्यायाधिवक्ता पूर्णप्रसाद शर्माले यो मुद्दा नमूना भएको बताउनुभयो । नेपालीविरुद्धको ठगी मुद्दा भने यथावत रहनेछ। उनी हाल पुर्पक्षका लागि जिल्ला कारागारमा छन् । गत असोज १५ गते जिल्ला अदालत बागलुङको आदेशले नेपालीलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। एक हजार पाँच सय ७३ जनाले नेपालीसहित सञ्चालक र कर्मचारी गरी १३ जनाविरुद्ध सहकारी ठगीको मुद्दा दायर गरेका थिए। नेपाली २०८० को जेठ ४ गतेदेखि फरार थिए। गत वैशाख ६ गते इमेज बचत तथा ऋण सहकारीको कार्यालयमा तरलता अभाव भएकाले कार्यालय बन्द भएको सूचना टाँस गरेपछि बचतकर्ताहरुले आफ्नो रकम ठगी भएको उल्लेख गर्दै जिल्ला प्रशासन, प्रहरी र अन्य सरोकारवाला निकायको दैलो गुहारेका थिए । पीडितको जाहेरी सङ्कलन गरी जिल्ला प्रहरीले अनुसन्धान गरेपछि सरकारी वकिलको कार्यालयले २०८० असार २५ गते नेपालीविरुद्ध मुद्दा दायर गरेको थियो।


## स्तन क्यान्सरका लक्षणहरू

◆स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
◆स्तनको छालामा निको नहुने घाउ आउनु,
◆स्तनको आकारमा परिवर्तन हुनु,
◆स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
◆स्तनको मुन्टा भित्र तर्फ जानु,
◆स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
◆स्तन दुख्नु वा सुन्निनु,
यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# सरकारले लिएको गलत बाटो

संसदको अधिवेशन बोलाएर विधेयक पारित गर्नुपर्ने बेला सरकारले अध्यादेशको सहारा लिएको छासहकारी सम्बन्धि अध्यादेश ल्याएको सरकारले फेरि अध्यादेश ल्याएको छ । मन्त्रिपरिषद्को शुक्रबार राति बसेको बैठकले तीन अध्यादेश जारी गर्नका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । केही नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत अध्यादेश सिफारिस भएको जानकारी दिएका छन् । 'शुक्रबारको मन्त्रिपरिषद् बैठकले अध्यादेशमार्फत आइटीमा गरेको कमाइ स्वदेश भित्र्याउन सहज बनाउने कानुन राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ । यसले आइटीलाई विदेशी मुद्रा आर्जन गर्ने उद्योगका रूपमा विकास गर्ने हाम्रो विश्वास छ,' प्रधानमन्त्रीले लेखेका छन् ।

प्रधानमन्त्री सचिवालयका अनुसार केही नेपाल ऐन संशोधनसहित तीन अध्यादेश मन्त्रिपरिषद्बाट पारित भएका छन। जसमा गैर आवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति र तिनको परिवारको सदस्यले १० वर्ष नेपाल बस्दा निःशुल्क भिसा पाउने लगायतका कानुनी व्यवस्था गर्न अध्यादेश ल्याइएको छ । सेवा प्रवाहमा नागरिक एप प्रयोगमा ल्याउने कानुनी व्यवस्था गर्न, श्रमिकको अनिवार्य अवकाश उमेर हद ५८ बाट ६० वर्ष बनाउन, नेपाल सरकारको कार्य सम्पादन सरलीकरण गर्दै कुनै निर्णय गर्नु पर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोही बमोजिम र अन्य सबै अवस्थामा बढीमामा ७ दिनभित्र निर्णय गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत गरिएको छ । सेवा प्रवाहमा सुधार ल्याउन सरकारले संसदबाट कानुन बनाउने लामो बाटो छोडेर अपजस पाउने बाटो रोजेर विपक्षीलाई गाली गर्ने ठाउँ दिएको छाकाङ्ग्रेस र एमाले दुई ठूला दलको सरकारले पनि संसदबाट छिटो बाटोबाट कानुन बनाउने अवसर गुमेको छ ।

प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले सरकारले संसद छलेर अध्यादेशको बाटो अपनाएको भन्दै आपत्ति जनाएको छ । सरकारले संसदको हिउँदे अधिवेशन नबोलाएको भन्दै विपक्षी दलहरुले दबाब बढाइरहेको बेलामा सरकारले फेरि अध्यादेश ल्याएर आफु हिड्ने बाटोमा खाल्डाखुल्डी खनेको छ । 'देशमा भ्रष्टाचार, महंगी र बेरोजगारीको समस्या जनताले भोगिरहेका छन् । आवश्यकताको कानून नबनाउने, संसदको बैठक नबोलाउने सांसदहरुले जनताका कुरा उठाउँछन् । मध्यरातमा सिंहदरबारमा होइन, बालुवाटारमा बैठक राखेर अध्यादेश जारी भएका छन् ।' यो कानुनी शासनको ठाडो उल्लङ्घन हो । उनले दुई ठूला दल सरकार संसद बन्द गरेर अध्यादेश ल्याएर निरंकुशताको शैली अघि बढ्न खोजेको भन्नेलाई ठाउँ दिने तर्क नै गलत हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोन सहकारीको अध्यक्षमा माधवप्रसाद सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

अवकास पछिको जीन्दगी सपना धेरैको घुम्ने, तीर्थ यात्रा गर्ने, घुमफिर गर्ने, आराम गरेर घरमै नाति नातीनिको हेर्ने हुन्छ । तर माधव प्रसाद सिग्देल अवकास पछि पनि सहकारीमा सक्रिय देखिए । आजभन्दा २५ वर्ष अघि स्थापना भएको थियो कोन सहकारी । सिग्देल नेपाल राष्ट्र बैंकमा कार्यरत रहेकै बेला सभागृह चोकमा यस गरिमामय संस्थाले आफ्नो अस्तित्वको पहिलो किरण देख्यो । आर्थिक संस्थामा काम गरेका सुनौला अनुभवहरु लिएर यस संस्थाको उज्ज्वल भविष्यको कामना सहित सिग्देल कोनमा जन्मको साक्षी बन्ने सु-अवसर मिल्यो । २०५६ चैत्र १२ गते शनिवार सहकारीमा सदस्यको रुपमा प्रवेश गरेका थिए सिग्देल । २०५८ भाद्र २३ को साधारण सभाबाट सञ्चालक समितिको सदस्यका रुपमा र त्यसको भोलिपल्टै भाद्र २४, २०५८ मा समितिको सचिवको रुपमा नियुक्ति हुँदा जीवनमा ठूलो खुशी मिलेको अनुभव सुनाए सिग्देलले । नेपाल राष्ट्र बैंकको कार्य अनुभव कारण संस्था प्रारम्भिक संघर्षका दिनहरुलाई अग्रजहरुको निर्देशन र अनुजहरुसँगको सहकार्यबाट अगाडि बढ्न सहयोग पुग्यो सिग्देललाई । २०६२ असारमा राष्ट्र बैंकबाट अवकाश पाएपछि सिग्देललाई थप उर्जा थपिदै गयो । एकपछि अर्को गरी निवृत्त जीवनलाई २०६२ माघ २ गते पारिश्रमिकै पाउने गरी प्रबन्ध संचालक (प्रबन्ध निर्देशक)का रुपमा नियुक्ति भए सिग्देल । २०६८ असोज ३० मा सल्लाहकारका रुपमा नियुक्त गरी यस संस्थाले दिएको सम्मान, त्यसपछि २०६९ माघ ६ मा पुनः सञ्चालकको रुपमा मनोनयन, २०७१ चैत्र २८ गते पाएको कोषाध्यक्षको नियुक्ति र जिम्मेवारीले थप उर्जा छाएको थियो सिग्देलको जीवनमा । कोनसँगको



सामीप्यका गर्व गर्न लायक अनमोल क्षणहरु र समय-शृङखला हुन भन्ने सिग्देललाई लागेको थियो । श्रद्धेय अग्रजहरु तथा प्यारा अनुजहरुसँगै यस संस्थाको सहयात्री बन्दै गर्दा २०७७ मंसिर २७ र २९ गतेदेखि मैले पाएका उपाध्यक्ष र कर्जा लगानी तथा असुली उप समितिको संयोजकको जिम्मेवारीमा बाँधि रहेका सिग्देल अध्यक्ष पदम चयन भए । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को २६ औ वार्षिक साधारण तथा नवौ निर्वाचानले शनिवार सिग्देललाई अध्यक्ष पदमा चयन गरेको हो । सहकारीको उपाध्यक्षमा शान्त कुमार श्रेष्ठ, सचिवमा सुरेन्द्र प्रसाद सिग्देल, कोषाध्यक्षमा जयप्रसाद सापकोटा, सहसचिवमा केदार राज सिग्देल चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश बजिरमान श्रेष्ठ, शारदा पराजुली (सिग्देल), खड्क बहादुर गुरुङ(खुशीमान), र अम्बिका गुरुङ रहेका छन् । यसैगरी लेखा सुपरिवेक्षण समितिमा ज्ञानेन्द्र प्रसाद सिग्देल संयोजकमा चयन भएका छन् भने सदस्यमा इन्द्र प्रसाद भट्टराई र लक्ष्मी गुरुङ सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक तथा निर्वाचन अधिकृत दयाराम गौतमले जानकारी दिए । सहकारीका सचिव शान्त कुमार श्रेष्ठको सञ्चालनमा सुरु भएको साधारण सभाको उद्घाटन गर्दै सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशका रजिष्ट्रार भेषराज रिजालले नियम र कानुनको पालना गरे कुनै पनि सहकारी कमजोर नहुने धारणा राखे । सहकारीका अध्यक्ष तिर्थबहादुर बस्नेतको अध्यक्षतामा सुरु भएको सभामा सहकारीका निवर्तमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देलले स्थानीय स्तरमा हुने सहकार्य र एकतामा जोड दिँदै २५ वर्ष लामो इतिहासलाई जोगाउन सक्नु पर्ने बताए । सोही सभामा सामुहिक रुपमा रजत स्मारिका २०८१ विमोचन भयो । स्मारिका प्रकाशनको सम्पादन मण्डलको संयोजकमा शान्तकुमार श्रेष्ठ, सदस्यहरुमा क्रमश नारायण पराजुली, जसुदा गुरुङ, गोविन्द प्रसाद सिग्देल र शोभाकान्त सिग्देल रहेका छन् । उपाध्यक्ष माधवप्रसाद सिग्देलको स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा उत्कृष्ट सेयर सदस्य तारामती गुरुङ र विमला गुरुङलाई सम्मान गरिएको थियो । वर्ष उत्कृष्ट तथा १५ वर्ष बढि निरन्तर सेवा गरेका कर्मचारीमा सुपरभाइजर रुपा गुरुङ र वरिष्ठ सहायक मनबहादुर गुरुङलाई खादा, माला, प्रमाणपत्र र मायाको चिनोले पुरस्कृत गरिएको महाप्रबन्धक सुजता हमालले जानकारी दिइन् । कोन सहकारीका अध्यक्ष तिर्थवहादुर वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शान्तकुमार श्रेष्ठले सचिवको, जय प्रसाद सापकोटाले कोषाध्यक्षको र ज्ञानेन्द्र प्रसाद सिग्देलले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदन सर्वसम्मत पारित भएको थियो । कार्यक्रममा सहकारीको ७ सिद्धान्त संचालक समितिका सदस्य शारदा पराजुलीले बाचन गरेकी थिइन् भने सेयर सदस्यका तर्फबाट किरण केसी र सत्यदेवी खनाल लगायतले सहकारी स्थापनादेखी शेयर सदस्यमुखी कार्य गर्दै आइरहेको चर्चा गरे ।

# पोखरा महोत्सवमा दर्शकको भीड




**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

पोखराको अमरसिंह चौरमा जारी १३ औं पोखरा महोत्सवमा दर्शकको भीड लागेको छ । महोत्सवको तेश्रो दिन शनिवार महोत्सवमा दर्शकले उल्लेख्य सहभागीता जनाएका हुन । महोत्सवमा दर्शकको भीड संगै महोत्सवमा राखिएका स्टलमा समेत ब्यापार वढेको छ ।

महोत्सवको तेश्रो दिन शनिवार लोक तथा दोहोरी गायक सम्झना लामिछानेको प्रस्तुतीमा दशकले भरपुर मनोरन्जन लिए । लामिछाने संगै लोक तथा दोहोरी गायक पुरुषोत्तम न्यौपाने, चोलेन्द्र पौडेल, तुलसा क्षेत्री, अमर धिताल, सविना गुरुङ, डिप्लप खाती, नविना सुवेदी नवु, सनम तामाङ लगायतको प्रस्तुतीमा दर्शकले भरपुर मनोरन्जन लिएका थिए । सांझको लाइभ ब्याण्ड तर्फ टुकीको प्रस्तुतीमा युवाहरु झुमेका थिए । महोत्सवको चौथो दिन आइतवार महोत्सवमा लोक तथा दोहोरी गायक प्रकाश दुतराज, चोलेन्द्र पौडेल, कृष्ण अखेली, सीता परियार, जीवन सिग्देल, तुलसा क्षेत्री, पार्वती गुरुङ पारु, लक्ष्मी बानियाँ, नवराज अधिकारी र हाँस्यब्यङ्ग्य तर्फ दीपक थापाको प्रस्तुती रहने महोत्सवका कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए ।

आइतबार सांझको लाइभ ब्याण्ड तर्फ चर्चित र्‍यापर उर्गेनको प्रस्तुती रहने छ । महोत्सवमा राखिएको आस्था किड्नी एण्ड स्पेशलाईज्ड हस्पिटल प्रालिको सेवा कक्षबाट आस्था किड्नी एण्ड स्पेशलाइज्ड हस्पिटल प्रालि पोखरा ११ रानीपौवा बाट प्रत्येक दिन एक जनालाई निशुल्क होलबडी चेकअप र फिजिसियन कन्सल्ट र एकजनालाई उक्त सेवामा ५० प्रतिशत छुट प्रदान गरिएको छ ।

# लेखनाथ महोत्सवमा शनिबार सर्वाधिक कारोबार



**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ पुष १८ गतेबाट लेखनाथमा शुरु भएको २० औं संस्करणको लेखनाथ महोत्सवमा शनिबार हालसम्मकै सर्वाधिक कारोबार भएको छ ।

'शनिबार बिदाको दिन समेत परेको र समापनको मिति पनि नजिकिदै गर्दा किनमेल गर्ने दर्शकहरुको संख्यामा पनि वृद्धि भएको हो, जसले गर्दा कारोबारमा पनि उल्लेख्य वृद्धि भएको छ'-महोत्सवका मुल संयोजक बिनोद श्रेष्ठले भने । महोत्सवमा हालसम्म पाँच करोड ८५ लाख वरावरको आर्थीक कारोबार भएको छ । महोत्सवको १० औं दिन शनिबार मात्रै अहिलेसम्मकै सर्वाधिक एक करोड ३५ लाख बराबरको कारोबार भएको हो । यसै गरी महोत्सवको हालसम्म एक लाख ९० हजार दर्शकहरुले अवलोकन गरेका छन र शनिबार मात्र ४० हजार दर्शकले महोत्सवको अवलोकन गरेको लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव एवंम प्रचार प्रसार उप समितिका संयोजक जानुका अधिकारीले जानकारी दिईन ।

# नवआदर्श सामुदायिक विकास समाजमा दिनेश



**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

नवआदर्श सामुदायिक विकास समाज, पोखराको अध्यक्षमा दिनेश भण्डारी निर्वाचित भएका छन् ।


संस्थाको शनिबार २८ औं साधारणसभा तथा १५ औं अधिवेशनले भण्डारीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत् निर्वाचित गरेको हो ।

कार्यसमिति प्रथम उपाध्यक्षमा अर्जुन भण्डारी, द्वितीय उपाध्यक्षमा हरिबहादुर थापा, सचिवमा शोभा बानियाँ, कोषाध्यक्ष विष्णुमाया बानियाँ, सहसचिव राजकुमार पौडेल र सहकोषाध्यक्ष निर्मल पौडेल छन् । सदस्यमा निराजन बस्नेत, प्रकाश थापा, गीता भण्डारी र लक्ष्मी छन्त्याल चयन भए । रिक्त ४ सदस्यीय कार्यसमितिको बैठकले मनोनीत गर्ने नवनिर्वाचित अध्यक्ष भण्डारीले जानकारी दिए । विष्णुप्रसाद शर्मा निर्वाचन अधिकृत रहेको निर्वाचन समिति सदस्यमा होमबहादुर बानियाँ र रामचन्द्र आचार्य सदस्य थिए । अधिवेशन उद्घाटन गर्दै पोखरा-१९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले नवआदर्श सामुदायिक विकास समाजले सामाजिक क्षेत्रमा गरेको योगदान उदाहरणीय रहेको बताए । यस्तै, पोखरा-१६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, संस्थाका मानार्थ सदस्य बाबुराम आचार्य, पूर्व अध्यक्ष रेश्मा अधिकारी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सो अवसरमा तीज महोत्सव संरक्षण कोषका दातालाई सम्मान गरिएको संयोजक नवीन भण्डारीले बताए । संस्थाका अध्यक्ष स्वागतमान सिंह भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष दिनेश भण्डारी र संचालन सचिव हरिबहादुर थापाले गरेका थिए । पोखरा लामाचौरस्थित नवआदर्श सामुदायिकले बर्सेनि तीज महोत्सवलगायत विविध कार्यक्रम गर्दै आएको छ । संस्थाले एम्बुलेन्स, शवबाहनसमेत संचालन गरेको छ । गोस्तेघाट खेल मैदान बनाएको संस्थाले खेलकुद, शिक्षा, स्वास्थ्य, लोक तथा कलासंस्कृति जगेर्नालगायत क्षेत्रमा कार्य गर्दै आएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

जन्म : २००४/०९/०९ गते



स्वर्गारोहण : २०८१/०९/१६ गते

**स्व. ईन्द्र बहादुर कुँवर**

हाम्रो बत्सगोत्र कुँवर क्षत्री कुलपूजा संरक्षण समितिका सल्लाहकार एवम् जेष्ठ मष्ठका धामी ठुलो **ईन्द्र बहादुर कुँवर(इमान)**को ७८ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको बैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**दल बहादुर कुँवर**
**अध्यक्ष तथा**
**बत्सगोत्र कुँवर क्षत्री कुलपूजा**
**संरक्षण समिति परिवार**
**पोखरा-१५**

# ताङ्वे समाज पोखराको शैक्षिक सम्मान तथा तारा खेल समापन

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस



ताङ्वे समाज सेवा संघ पोखरा ५ पर्स्याङले शैक्षिक सम्मान र तारा खेल कार्यक्रम समापन गरेको छ।

शनिबार पोखराको पर्स्याङमा रहेको समाज घरमा भएको नयाँ वर्ष ढुक ल्हो(२०२५) एवं छउ पर्वको अवसरमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो।

समाजले २०५७ सालदेखि एसइई, प्लसटु, स्नातक र स्नातोकोत्तर तह उत्तीर्ण गर्ने ताङ्वेतानीलाई हरेक वर्ष सम्मान गर्दै आइरहेको अध्यक्ष कर्साङ छवाङले बताउनुभयो। कार्यक्रममा स्नातोकोत्तर र स्नातकमा तहमा उतकृष्ट अङक सहित उत्तीर्ण गर्ने क्रमस रिक्का गुरुङ र अस्मी गुरुङलाई १० हजार नगद र सम्मानपत्रले सम्मान गरिएको थियो । त्यस्तै कक्षा १२ मा उतकृष्ट अङक सहित उत्तिर्ण प्रमिल गुरुङ,सुहान गुरुङ र निमार्ण गुरुङ लाई ५ हजार ६ सय ८५ नगद र सम्मानपत्रले सम्मान गरिएको थियो भने एसइईतर्फ उकृष्ट अङक प्राप्त गर्ने ऐस्ना गुरुङ,बिओङका गुरुङ सिम्रन गुरुङ समेत सम्मान गरिएको थियो । समाजमा २ दिनसम्म सञ्चालन भएको तारा खेल समापन गर्दै बिजेतालाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा प्रा.डा माया लामाले नयाँ वर्ष ढुक ल्हो (२०२५) एवं छउ पर्वको शुभकामना व्यक्त गर्दै आफ्नो बुबा र श्रीमानको सम्मानमा ५ वर्षको लागि, स्नातक र स्नातोकोत्तर तह उत्तीर्ण गर्नेहरूलाई प्रोत्साहनस्वरुप १० हजार प्रदान गर्दै आइरहेको बताइन्।कार्यक्रममा संघका सचिव चेतन आनन्द सिंह, कोषाध्यक्ष फुर्प छिरिङलगायतले बोलेका थिए।

# विन्ध्यवासिनी माविको ७८औं वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस




पोखरा १६ बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयको ७८ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष एवं संस्थापक विद्यार्थी ईन्द्र वहादुर बानियाँले विद्यालयको शैक्षिक सफलतामा सबैको भुमिका महत्वपूर्ण रहेको बताउदै, यसको गरिमालाई थप उच्च बनाउन आग्रह गर्नुभयो।

कार्यक्रममा उत्कृष्ट बर्ष शिक्षकका रूपमा शारदा शर्मा बराल, अनिता कोईराला, निरू भण्डारी, सिमा थापा, एच ओ डि ईन्चार्ज तर्फ खेमराज पौडेल, विशेष योगदान तर्फ निर्मल भण्डारी र कर्मचारी तर्फ महेन्द्र गुफाका सुरक्षा गार्ड राजु बहादुर सार्की, विद्यालय कर्मचारी विष्णुमाया घले सम्मानित भए । त्यस्तै २५ बर्ष दिर्घ सेवाबाट सह प्रधानाध्यापक रामबहादुर बानियाँ र ईन्दु भट्टराई, १० बर्ष सेवा सम्मानबाट पुनम शर्मा, शारदा बराल र पुनम आचार्य सम्मानित भए।

विद्यालयले उत्कृष्ट अभिभावकको रूपमा चनमाया राना, उत्कृष्ट वर्ष मनिटर लिमन राई र सुदिक्षा थापा, उत्कृष्ट बर्ष विद्यार्थीको रूपमा गणेश शर्मा सम्मानित भए । उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि ईन्द्र वहादुर बानियाँ, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, वडा सदस्य राजकुमारी बानियाँ, विद्यालयका पुर्व अध्यक्ष चन्द्रा अधिकारी थापा, नरनाथ भट्टराई, प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले नगद, सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरे । कार्यक्रमको अवसरमा कक्षा ८ महानगर स्तरीय परीक्षामा ४ जिपिए ल्याउने र एस इ इ परीक्षामा ३.६ देखि ४ जिपिए ल्याउन सफल विद्यार्थी र विषयगत शिक्षकहरू सुशील देवकोटा सहितका शिक्षकलाई सम्मान गरिएको छ।

त्यस्तै तोयानाथ श्याम तारा उत्कृष्ट शिक्षक सम्मान राम वहादुर बानियाँ र ईन्दु भट्टराईलाई प्रदान गरिएको विद्यालयले जनाएको छ। विद्यालय व्यवस्थापन समितिका सदस्य ईन्द्र प्रसाद सुवेदीको अध्यक्षता भएको कार्यक्रममा पुर्व मन्त्री कुमार खड्का, प्रदेश परीक्षा व्यवस्थापन कार्यालयका प्रमुख गोविन्द प्रसाद पोखेल, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, शिक्षक अभिभावक संघका अध्यक्ष भीम प्रसाद पौडेल, पुर्व अध्यक्ष चन्द्रा अधिकारी थापा, विद्यार्थी सदिक्षा अधिकारी लगायतले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए। विद्यालयका प्रअ आचार्यले बार्षिक प्रतिवेदन पेस गर्नुभएको कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक रामबहादुर बानियाँले गर्नुभएको थियो । विभिन्न छात्रवृत्ति वितरण गरिएको कार्यक्रममा विद्यार्थीले तामाङ सेलो, सखिया नाच, कौडा नृत्य, मारूनी, टप्पा नृत्य सहित झ्याउरे र भुमे नाच प्रस्तुत गरेका थिए।

# राष्ट्रिय प्रशारण लाइनले उज्यालो बन्दै मनाङ

रासस
मनाङ, २७ पुस

मनाङको पर्यटकीय स्थल तिलिचो तालको आधार शिविर (बेस क्याम्प) र थोराङ्ला भञ्ज्याङसम्म राष्ट्रिय प्रसारण ग्रिडको विद्युत् पुगेको छ। राष्ट्रिय प्रसारण लाइनको विद्युत् जडान भएसँगै सौर्य ऊर्जाको बाध्यता हटेको छ।

मनाङ डिस्याङ गाउँपालिका-९ खाङ्सारमा चार हजार दुई सय ५० मिटर उचाइमा रहेको बेस क्याम्पमा ५० केभिए क्षमताको वितरण ट्रान्सफर्मर राखेर विद्युत् आपूर्ति दिन थालेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष च्योल्पा गुरुङले राष्ट्रिय प्रसारण लाइन पुगेपछि धेरै सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “राष्ट्रिय लाइन पुगेपछि बेस क्याम्पबाट तिलिचो ताल जाने पैदलयात्रीका साथै स्थानीयलाई सहज भएको छ, विद्युत् उपयोगमा वृद्धि भएको छ, पानी उमाल्न पनि बिजुली नै प्रयोग गर्न थालेका छौँ, जसले गर्दा ग्यासको खपत कम भएको छ।”

# पोखराबेसी बहुउद्देश्यीय सहकारीको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस




पोखरा महानगरपालिका वडा नं २, बागलुङ बसपार्क मा अवस्थित पोखराबेसि बहुउद्देश्यीय सहकारी संस्थाको छैटौं बार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

अधिबेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका माननिय प्रकाश बरालले “सहकारीको महत्व जति दुरदराज गाउँका मानिसहरुमा छ, शहर बजारका मानिसमा महत्व कम भएको भन्दै संचालकहरुले सहकारीको उद्देश्य र सिद्धान्तमा रहेर सहकारीलाई संचालन गर्नु पर्ने” बताएका। गाउँघरमा घर खर्च चलाउन छोरा छोरी पढाउन देखि विदेश पठाउन पनि सहकारीको भर पर्ने गरेको स्मरण गर्दै, सहकारीले आफ्ना सदस्यहरुको सहयोगका लागि नयाँ योजना ल्याउन पर्नेमा जोड दिए। उनले सहकारीले शेयर सदस्यहरुको बचत रकम कस्तो क्षेत्रमा लगानि गरेको छ, लगानिको बारेमा शेयर सदस्यहरुलाई बुझ्न आर्ग्रह गरे । पोखरा महानगर पालिका वडा न ६ का पूर्व वडा अध्यक्ष तथा पहारी कुल संरक्षण समितिका राष्ट्रिय अध्यक्ष जगत बहादुर पहारीले सहकारीलाई सफल र सक्षम बनाउनका लागि सर्म्पूण सदस्यहरुले आफ्नो सहकारीमा कारोबार गर्ने आग्रह गरे। सरकारले सहकारीलाई ब्यवस्थित बनाउनका लागि सहकारी ऐन र नियमावली लाई कडाइ साथ लागु गर्नु पर्नेमा जोड दिए। अध्यक्ष नारायण पहारीले सहकारीको माध्यमबाट गाउँको र शहरको सम्वन्ध जोड्ने र गाउँको उत्पादनलाई शहरमा ल्याइ शहरको पुजिलाईलाइ गाउँमा लैजाने उदेश्यले सहकारी स्थापना भएको बताए।

शहरमा बस्ने ब्यक्तिहरुलाई सुलभ स्वास्थ बस्तु उपभोग गर्ने बाताबरण सृजना गरि सदस्यहरुको सुखी सम्वृद्दि बनाउने आफ्नो परिकल्पना रहेको सुनाए। अध्यक्ष पहारीले सदस्यहरुको आर्थिक स्तर बृद्धि गर्ने, नयाँ कार्यक्रमहरु ल्याइने बताए। प्राधापक तथा शेयर सदस्य दिपेन्द्र पहारीले सहकारीले निम्न आर्थिक स्तर भएका सदस्यहरुको जिवन स्तर उकास्न सके मात्र सहकारीको महत्व बढ्ने बताए । मयूर बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मिनराज खडकाले सस्थाका शेयर सदस्यहरुले सहकारीले दिएको बोनसलाई मात्र महत्व दिन नहुने बताए । सहकारीमा हालसम्म ९ सय ५४ जना शेयर सदस्य रहेको सहकारी ले पोखरा महामनगर पालिका वडा नं-६ खहरेमा सेवाकेन्द्र स्थापना गरि शेयर सदस्यहरुलाई सेवा प्रदान गरेको छ। सदस्य राधा अधिकारी कोइराला पराजुलीले सात सिद्धान्त वाचन गरि सुभारम्भ गरिएको कार्यक्रमा सदस्य शक्ति प्रधानाङ्गले स्वागत मनतब्य राखेकी थिइन। अध्यक्ष नारायण पहारीको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीलाई सहयोगर्ने, असल ऋणी, नियमित बचत कर्ता र असल कर्मचारी लाई सम्मान गरिएको अध्यक्ष पहारीले बताए । सचिब दुर्गादत्त अधिकारी प्रगति प्रतिबेदन र कोषाअध्यक्ष सनोज पहारी ले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभामा सर्वसम्मत पारित गरिएको थियो।


## श्री सैनिक अस्पताल

## पोखरा, कास्की

## विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं.** NAWF/MH/MH/PKR/2081/82/47

**(प्रथम पटक प्रकाशित मिति २०८१।०९।२८ गते)**

१. श्री सैनिक अस्पताल पोखराको अस्पताल भवनको रङ्गरोगन, Waiting कक्ष स्तरोन्नति र विभिन्न प्लम्बिङ्ग तथा ईलेक्ट्रिक मरामत कार्य गर्नको लागि विद्युतीय (e–Gp System) सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नु हुन् यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | सिलबन्दि दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | अस्पताल भवन रङ्गरोगन तथा विभिन्न मरामत कार्य | १९,९९,६३०।६९ | ५०,०००।- | १,०००।- | २०८१।१०।१३ गतेको १२०० बजे | २०८१।१०।१३ गतेको १३०० बजे |

२. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं. ९८५६०८३८२८ र ईमेल mh–pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नु हुन यो सूचना प्रकाशित गरिएको छ।



## सूर्य ब्लेण्डर्स प्रा. लि.

## आँबु खैरेनी, तनहुँ

## मूल्य सूची सम्बन्धी सूचना

**यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८१/०८२ का लागि मिति २०८१/०९/२८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।**

| ब्राण्ड | मि.लि. | यु. पी. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | नेशनल डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 7500.00 | 300.00 | 7800.00 | 400.00 | 8200.00 | 500.00 | 8700.00 | 840.00 | 9540.00 | 530 |
| IMAGE carbon Black / Premium | 180 | 50 | 7500.00 | 300.00 | 7800.00 | 400.00 | 8200.00 | 500.00 | 8700.00 | 900.00 | 9600.00 | 200 |
| Twenty- Twenty | 180 | 50 | 6450.00 | 150.00 | 6600.00 | 250.00 | 6850.00 | 300.00 | 7150.00 | 770.00 | 7920.00 | 165 |
| उत्सव एप्पल फ्लेवर H.B/R.B., मिराज एप्पल फ्लेवर H.B. /R.B.,मिराकल R.B, ब्यालेन्स एक्स्ट्रा ड्राई , | 180 | 50 | 6000.00 | 200.00 | 6200.00 | 250.00 | 6450.00 | 250.00 | 6700.00 | 692.00 | 7392.00 | 154 |
| उत्सव सुनामी स्ट्रोङ,सुनामी एक्स्ट्रा ड्राई ,एक्स्ट्रीम, मिराज,सुनामी स्ट्रोङ, मिराकल, उत्सव XXX, उत्सव दुधिया स्पेशल,ब्यालेन्स | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 250.00 | 6250.00 | 250.00 | 6500.00 | 604.00 | 7104.00 | 148 |
| करूवा एप्पल 18GM, करूवा PREMIUM /XCITE , XCITE GOLD. ARROW XTRA STRONG | 300 | 70 | 1370.00 | 30.00 | 1400.00 | 65.00 | 1465.00 | 60.00 | 1525.00 | 155.00 | 1680.00 | 56 |
| करूवा एप्पल 14GM | 300 | 70 | 1270.00 | 30.00 | 1300.00 | 60.00 | 1360.00 | 55.00 | 1415.00 | 115.00 | 1530.00 | 51 |
| करूवा BLUE,, 4G | 300 | 70 | 1220.00 | 30.00 | 1250.00 | 55.00 | 1305.00 | 50.00 | 1355.00 | 115.00 | 1470.00 | 49 |
| करूवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर),फटाफट Green/orange, करूवा NIMBU, करूवा पाइनएप्पल | 300 | 70 | 1125.00 | 25.00 | 1150.00 | 50.00 | 1200.00 | 50.00 | 1250.00 | 100.00 | 1350.00 | 45 |
| करूवा ठेकी दुधिया/ब्ल्याक, करूवा दुधिया/ब्ल्याक,पानश दुधिया /ब्ल्याक,एरो दुधिया /ब्ल्याक, 4 STAR | 300 | 70 | 1105.00 | 20.00 | 1125.00 | 50.00 | 1175.00 | 50.00 | 1225.00 | 125.00 | 1350.00 | 45 |

**नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवम् अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको शोधभर्ना दिन सकिनेछ।**